# प्रेस विज्ञप्ती - १४५
# Press Release-145

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं
मितिः-२०७२/०९/१९ गते

## अवैध लागू औषध गाँजा तथा अफिम खेती नष्ट

जिल्ला मकवानपुर नामटार गा.बि.स. लगायत बिभिन्न गा.वि.स.हरुमा अवैध रुपमा लगाइएको गाँजा खेती नामटार गा.वि.स.वडा नं. ६,७,८,९ अन्तर्गतका कप्सेरी, शेरा, गोपिराङ्ग, थुम्की, न्यासेदुङ्ग, वेतघारी, बलमटार, ग्रैरीगाँउ, जौखोरिया, उर्ला, पोखरी, डुडखोला, आमडाँडा, कौसिराङ, उर्ला, लागू, छापडाँडा, म–याङकोट, सानोपोखरी, बलामी, बागुने, मजुवा, भवाङ्ग, चौघरे, पुरानोगाँउ ,खैरेनी, टिम्वुरे, घैराङ्गटारमा १२५ विगाहा र मिति २०७२/०९/०५ गते देखी मिति २०७२/०९/१७ गतेसम्म जिल्ला मकवानपुर, कालिकाटार गा.बि.स का १,२,३,४,५,६,७,८ र ९ का हात्तिपाईले, ताप्के, जालटार, कालिकाटार वजार, गिम्दी, सुजे, आमडाँडा, लिच्चे, साङ्गसिराङ्ग, देउराली, धुसराङ्ग, कालिखोला र नामटार गा.बि.स.का १,२,३,४,५,७ का बासुकी, मनहरी, खाँडेधार, भैंसे चौर, खाडीदेउराली, कुवापानी, भदौरे, नाम्टार वजार, घैराङ्ग, गिम्दी लगायतका स्थानहरुमा अबैध रुपमा लगाएको २८२ बिघा गरी कुल जम्मा ***४०७ बिगाहा अवैध गाँजा खेती र १५ कठ्ठा जग्गामा लगाएको अफिमको खेती***को लागि लगाएको बेर्ना समेत नष्ट गरिएको छ ।

साथै जिल्ला मकवानपुर, कालिकाटार गा.वि.स. स्थित कालिकाटार बजारमा अवैध रुपमा लगाएको गाँजा खेती नष्ट गर्ने कार्यमा अवरोध गर्ने एंव प्रहरी उपर ढुंगामुढा गर्ने व्यक्तिहरु मध्यका जिल्ला मकवानपुर भार्ता गा.वि.स.वडा नं.१ बस्ने बर्ष २६ को क्षितिज भन्ने चन्द्रलाल थिङ्गलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा बुझाईएको ।

●●●

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com









# प्रेस विज्ञप्ती - १४४

# Press Release-144

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं

मितिः-२०७२/०९/१६ गते

## नियन्त्रित लागू औषध कोरेक्स सहित मानिस पक्राउ :

मिति २०७२/०९/१६गतेका दिन यस लागू औषध नियन्त्रण ब्यूरो बाट खटिई गएको प्रहरी टोलीले जिल्ला रौतहट चन्द्रनिगाहपुरमा नियन्त्रित लागू औषध मनोद्धिपक औषधि कोरेक्स 100ml २०३ बोतल सहित निम्न मानिसहरुलाई पक्राउ गरी बरामद लागू औषध सहित ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा आवश्यक अनुसन्धान कारवाहीको लागि बुझाईएको ।

निम्न :-

१.सर्लाही जिल्ला मधुवनी घर भएका बर्ष ३३ को बिजय महत्तो ।
२.रौतहट जिल्ला पौराही घर भएकी बर्ष ४५ कि चन्द्रदेवी भण्डारी ।
३.रौतहट जिल्ला मंगलपुर घर भएका बर्ष ३२ को प्रमोद सहनी ।
४.भारत सितामणी बिहार घर भएका बर्ष २८ को शशिनन्दन यादव ।







# प्रेस विज्ञप्ती - १४३
# Press Release-143

लागू औषध नियन्त्रण ब्यूरो
**Narcotics Control Bureau**
**कोटेश्वर,काठमाडौं**

मितिः-२०७२/०७/२३ गते

## अबैध लागू औषध खैरो हेरोईन सहित मानिस पक्राउ

यस लागू औषध नियन्त्रण ब्यूरो बाट खटिएको विषेश प्रहरी टोलीले मिति २०७२।०७।२२ गते का.जि.का.म.न.पा.वडा नं. १४ कलंकी स्थित बाट अबैध लागू औषध **खैरो हेरोईन ५५ ग्राम** सहित जिल्ला पर्सा बिरगंज उ.म.न.पा.वडा नं. ६ नगवा घर भएका बर्ष १८ को बुजि मियाँ र भारत पुर्विचम्पारण रामपुर गाँउ आदापुर थाना घर भएका बर्ष २३ को साविर देवानलाई पक्राउ गरी यस ब्यूरोबाट आवश्यक अनुसन्धान कार्य भईरहेको ।

प्रहरी उपरीक्षक
(धिरज प्रताप सिंह)









